कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

मितिः २०८२/०१/०४
समयः दिनको ११:०० बजे
स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८२ साल बैशाख ४ गते बिहिबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

<u>उपस्थितिः</u>

| क्र.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvan. |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री अमुल श्रेष्ठ | सदस्य-सचिव (प्र.प्र.अ.) | |

गाउँपालिका
कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

२०८२/०१/०४

कार्यपालिका बैठकमा छलफल हुने विषयहरुः

१. प्रदेश समपूरक तथा प्रदेश विशेष अनुदानको योजना सिफारिस सम्वन्धमा।

२. "नदिजन्य गिट्टि वालुवा प्रशोधन सम्बन्धि कार्यलाई व्यवस्थित गर्ने कार्यविधि, २०८२" सम्बन्धमा।

३. विविध।

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१/१२/२१ मा प्रकाशित सूचना बमोजिम प्रदेश (विशेष / समपूरक) अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान गरिएको हुँदा गाउँपालिकाबाट निम्न योजनाहरु पेश गर्ने निर्णय गरियो।

(क) समपूरक योजना अन्तर्गत योजना तथा कार्यक्रमहरुः

| सि.नं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | सुकुभञ्ज्याङ्ग भार्ता वाक्सिराङ्ग सडक आयोजना कैलाश ७ र ८ | २ करोड (गा.पा. ६० लाख र प्रदेश सरकार १ करोड ४० लाख) | |
| २. | कार्कीडाँडा,चापाखर्क क्युरेनी खोलाखर्क बैकुण्ठ सडक | २ करोड (गा.पा. ६० लाख र प्रदेश सरकार १ करोड ४० लाख) | |
| ३. | ज्यान्द्रुङ्ग हुँदै धुस्राङ्ग मोटरबाटो | २ करोड (गा.पा. ६० लाख र प्रदेश सरकार १ करोड ४० लाख) | |

(ख)विशेष अनुदान अन्तर्गत योजना तथा कार्यक्रमहरुः

| सि.नं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | पाखे वृहत खानेपानी तथा सरसफाई योजना | १ करोड | |

अतुल श्रेष्ठ
प्रशासकीय अधिकृत

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...मकवानपुर
बागमती प्रदेश, नेपाल

... बहादुर ...
अध्यक्ष

Scanned with CamScanner

२०८२/०१/०४

| | | | |
|---|---|---|---|
| २. | कैलाश १० शैया अस्पतालको संरक्षण retaining structure निर्माण | १ करोड | |
| ३. | विपन्न तथा सिमान्तकृत वर्गहरुका लागि मातृ तथा नवजात शिशु पोषण कार्यक्रम | ५० लाख | |

२. प्रस्ताव नं २ माथि छलफल गर्दा *"नदिजन्य गिट्टि बालुवा प्रशोधन सम्बन्धि कार्यलाई व्यवस्थित गर्ने कार्यविधि, २०८२"* स्वीकृत गर्ने निर्णय गरियो।

३. विविध

(क) यस पालिकाबाट यस आ.व. मा सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रम पालिका अन्तर्गत वडा नं १०(वडाः ९, १०,३,४,७,८) र वडा नं ६ (वडाः १,२,५,६) मा गर्ने निर्णय गरियो।

(ख) यस कैलाश गाउँपालिकाको वडा नं. ३ छत्तिवन स्थित निर्माणाधिन १० शैया आधारभूत अस्पताल निर्माणको क्रममा विभिन्न पूर्वाधारहरु निर्माणको लागि जग्गा अपुग रहेको हुनाले यस कैलाश गाउँपालिकाले जग्गा प्राप्तिको लागि मिति २०८१/१०/१४ गतेको कार्यपालिकाबाट निर्णय गरि २०८१/१०/१५ गतेको १५ औं हिउँदे गाउँसभाबाट बजेट विनियोजन भएको तर जग्गाको क्षेत्रफल भने उल्लेख नभएकोले उक्त अस्पतालको लागि १-२-०-० रोपनी जग्गा आधारभूत अस्पतालको लागि प्राप्ति गर्ने निर्णय गरियो।

(ग) चालु आ.व. २०८१/८२ मा उपभोक्ता समितिबाट बाट संचालित स्विकृत बार्षिक कार्यक्रमहरुको विविध कारणहरुले गर्दा योजना समयमै सम्पन्न गर्न नसकिएकोले उक्त कार्यहरुको म्याद २०८२/०२/१५ गते सम्म थप गरी कार्य गराउने भनि निर्णय गरियो।

(घ) यस गाउँपालिकाको वडा नं ६ मा "राउते खोला फलामे पुल निर्माण" को लागि १५औं हिउँदे अधिवेशनबाट रकम रु. ६,००,०००/- (अक्षेरुपी छ लाख मात्र) विनियोजन भएको तर प्राविधिकको सम्भाव्यता अध्ययन पश्चात सो योजना कार्यान्वयन गर्न उपयुक्त नदेखिएकोले प्राविधिक प्रतिवेदन र वडाको सिफारिस अनुसार सो योजनालाई "राउते खोला ह्युमपाईप कल्भर्ट निर्माण योजना" मा परिवर्तन गर्दा प्राविधिकको लागत अनुमान अनुसार थप रकम रु.३,००,०००/- (तीन लाख रुपैंया) अपुग भएकोले उक्त रकम भैपरी आउने पूँजिगत खर्च शीर्षकबाट छुटयाउने निर्णय गरियो।

अमृत श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

लोक बहादुर तुरुङ्ग
अध्यक्ष

Scanned with CamScanner

२०८२/०१/०४

(ङ) प्रधनमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं ९ स्थित स्यार्से कालिका मन्दिर कम्पाउण्ड वाल निर्माणको लागि आवश्यक सामाग्री खरिदको लागि रकम रु.५०,०००/- (पचास हजार रुपैंया मात्र) भैपरी आउने पूँजिगत खर्च शीर्षकबाट छुटयाउने निर्णय गरियो।

अतुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

लोक बहादुर मुक्तान
अध्यक्ष

Scanned with CamScanner